लिसंखु पाखर गाउँपालिकाको १८ औं अधिवेशनमा मिति २०८२ साल असार १० गते मंगलबार

उपाध्यक्ष मिठू देवी लामाज्यूले

प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८२/०८३ को

# बजेट वक्तव्य

## लिसंखु पाखर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर , सिन्धुपाल्चोक

**यस गाउँसभाको सभाध्यक्ष महोदय,**

१. यस लिसंखु पाखर गाउँपालिकाको गरिमामय गाउँसभाको १८ औं अधिबेशनमा उपाध्यक्ष हैसियतले आगामी आर्थिक बर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस सुखद अवसरमा म नेपालको संघिय लोकतान्त्रीक गणतन्त्रात्मक राज्य व्यवस्थाको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा जीवन बलिदान गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति यस सुखद घडिमा हार्दिक श्रद्धा सुमन सहित भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्ट्रिय एकता र स्वाभिमानको कठिन परिस्थितीमा त्याग र नेतृत्व गर्नुहुने आदरणिय अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. स्थानीय सरकारको दोस्रो कार्यकाल समाल्नको लागि हामीलाई यस लिसंखु पाखर गाउँपालिकाका नागरिकहरुले मतदान मार्फत चुनिएर अनुमोदन गर्नु भएको थियो । त्यसको लागि यस लिसंखु पाखर गाउँ पालिकाको सम्पुर्ण आमा, बुबा, दाजु भाई तथा दिदि बहिनीहरु प्रति यस गरिमामय सभाको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु ।

४. अर्थतन्त्रमा देखीएको समस्या र चुनौतीहरुको बारेमा हामी सबैलाई अवगत नै छ । यस लिसंखु पाखर गाउँपालिकाको आफ्नो आन्तरिक राजश्वको अवस्था न्युन तथा कमजोर रहेको अवस्थाको बारेमा पनि हामी सबैलाई अवगत नै छ । त्यस कारण हामी नेपाल सरकार र प्रदेश सरकारले वित्तिय हस्तान्तरण मार्फत दिईने अनुदानमा भर पर्नु पर्ने अवस्थामा छौं । नेपाल सरकार र प्रदेश सरकारले दिने विभिन्न अनुदान घटेर आएको कारण हाम्रो बजेटमा पनि त्यसै अनुरुप प्रभाव परेको यहाहरु समक्ष अवगत गराउन चाहान्छु ।

५. स्थानीय सरकार, नागरिकको आगनको सरकार, घर घरको सरकार र नागरिकको नजिकको सरकार भएको कारणले हामीलाई नागरिकको आधारभुत आवश्यक्ता, अपेक्षा, चाहानाको बारेमा राम्रोसँग जानकारी छ । न्युन आय तथा सिमित श्रोतलाई मध्यनजर गरी विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तिय सुशासनलाई ख्याल राख्दै नागरिकको विकास र समृद्धिको चाहाना, सामाजिक समाबेशीकरण, समतामुलक समाजको निर्माण, विभिन्न बर्ग, लिङ्ग, धर्म तथा सम्प्रादायको पहुँच, शिक्षा तथा स्वास्थ्यको गुणस्तरियता प्रति यस बजेट लक्षित रहेको कुरा जानकारी गराउन चाहान्छु ।

६. आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकारको विनियोजन विधेयक, नेपाल सरकारले जेठ १५ मा पेश गरिएको बजेट बक्तव्य, नेपाल सरकारले पेश गरिएको आर्थिक विधेयक, बागमती प्रदेशले पेश गरिएको बजेट बक्तव्य, बागमती प्रदेश सरकारको विनियोजन ऐन र आर्थिक विद्ययक, नेपाल सरकारको आवधिक योजना, बागमती प्रदेशको आवधिक योजना, लिसंखु पाखर गाउँपालिकाको दोस्रो आवधिक योजना, लिसंखु पाखर गाउँपालिकाले लिएको नीति तथा कार्यक्रम, दिगो विकासको लक्ष्यहरु र यहाँको नागरिकहरुको आवश्यक्ता र अपेक्षालाई आधार बनाएका छौं।

७. आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रममा गुणस्तरिय शिक्षा, गुणस्तरिय स्वास्थ्य प्रवाह, कृषिको व्यावसायीकरण, आधुनिकिकरण, यान्त्रीकिकरण र बजारिकरण, सामाजिक सुरक्षा र संरक्षण, गरिबि निवारण, महिला तथा बालबालिका सशक्तिकरण र लैंगीक समानता, गाउँपालिकाको सर्वाङ्गीण विकास र समृद्धि, लगानीमैत्री वातावरणको प्रवर्द्धनलाई प्राथमिकताको रुपमा लिएको छु।

सभाध्यक्ष महोदय,

अब म चालु आर्थिक बर्षको बजेट कार्यान्वयनको समिक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमती चाहान्छु।

८. चालु आर्थिक बर्ष २०८१/८२ को लागि जम्मा संशोधित बजेट रु. ५३ करोड ११ लाख ३७ हजार १ रुपैयाको बजेट विनियोजन गरिएको थियो।

क. जसमा नेपाल सरकारबाट वित्तिय हस्तान्तरण मार्फत जम्मा रु.१० करोड २६ लाख, मध्ये रु.९ करोड २५ लाख १७ हजार ६ सय ८० रुपैया अर्थात ९०.१७ प्रतिशत प्राप्त भई सकेको छ।

ख. त्यसै गरी प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण मार्फत रु.१ करोड ९६ हजार मध्ये रु ७५ लाख ७२ हजार सबै अर्थात ७५ प्रतिशत प्राप्त भईसकेको छ।

ग. त्यसैगरी राजश्व बाँडफाँड मार्फत प्राप्त हुनुपर्ने जम्मा रु.९ करोड ३५ लाख ४ हजार ४ सय ३ मध्ये जम्मा रु. ७ करोड २ लाख ८७ हजार २ सय १ रुपैया अर्थात ७५.१७ प्रतिशत प्राप्त भएको कुरा जानकारी गराउन चाहान्छु।

घ. त्यसैगरी आन्तरीक श्रोत नगद मौज्दात सहित जम्मा रु. १२ करोड ७५ लाख ६८ हजार १ सय ११ रुपैया मध्ये रु ७ करोड ४ लाख ७ हजार ४ सय ३९ रुपैया ९२ पैसा अर्थात ५५.१९ प्रतिशतले आन्तरिक श्रोत प्राप्त भईसकेको जानकारी यस सम्मान्नीत सभासमक्ष पेश गर्न चाहान्छु।

ङ. त्यसैगरी व्यय तर्फ चालु खर्चमा विनियोजन गरिएको जम्मा बजेट रु.३१ करोड ८९ लाख ०४ हजार ७४ रुपैया विनियोजन भएको मध्ये मिती २०८२ साल असार ९ गते सम्ममा रु. १९ करोड ०४ लाख ४८ हजार ५ सय ६४ रुपैया २ पैसा अर्थात ५९.७२ प्रतिशत खर्च भईसकेको छ।

च. त्यसै गरी व्यय पुँजीगत खर्चमा जम्मा रु.२४ करोड ५६ लाख ५६ हजार ४ सय ४० रुपैया विनियोजन गरिएको मध्ये जम्मा रु.१८ करोड ५० लाख २९ हजार १ सय १ रुपैया ५३ पैसा अर्थात ६७.१८ प्रतिशत खर्च भईसकेको जानकारी गराउन चाहान्छु।

छ. समग्रमा जम्मा बजेट रु. **५६ करोड ४५ लाख ६० हजार ५ सय १४** रुपैया विनियोजन गरिएको मध्ये रु. ३५ करोड ५४ लाख ७७ हजार ६ सय ६६ रुपैया ५५ पैसा अर्थात जम्मा ६२.९६ प्रतिशत खर्च भईसकेको छ र चालु आ.ब. २०८१/८२ को असार मसान्त सम्ममा जम्मा ७५ प्रतिशत खर्च हुने अनुमान गरेको छु।

ज. स्थानीय तह संस्थागत क्षमता स्वमुल्याकन (LISA) मा ८७.२५ अंक प्राप्त गरेका छौं त्यसैगरी स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्यांकन (FRA) मा ९०.५ अंङ्क प्राप्त गरी यस लिसंखु पाखर गाउँपालिकालाई अब्बल गाउँपालिकाको सुचीमा अग्रस्थानमा पुर्याउन सफल भएका छौं।

झ. गाउँपालिकाको भु-अवस्था र भु-बनोटलाई मध्य नजर गरी जग्गा बर्गीकरण गरि सोही आधारमा मालपोत र नापीको कार्य सुरु भई निरन्तर्ता दिईएको छ ।

ञ. चालु आर्थिक बर्षमा गाउँपालिका भरि हालसम्म जम्मा २ हजार ९ सय ८२ मिटर सडक सोलिङ्ग, ४ हजार ५ सय ४३ मिटर नयाँ सडकको ट्र्याक, ५ सय ३१ मिटर सडक ढलान, ३३ ओटा सिढि तथा गोरेटो बाटो निर्माण, २१ ओटा सामुदायिक भवन तथा छयोर्तेन निर्माण गरिएको छ। साथै ६४ ओटो नक्सा रेखाङ्कन, १८ ओटा मुहान दर्ता तथा १ ओटा प्रतिक्षालाय निर्माण गरिएको छ।

ट. गाउँपालिका प्रशासकिय भवन सम्पन्न भईसकेको छ र जेठल स्वास्थ्य चौकी भवनको स्तरउन्नती कार्य यही आर्थिक वर्षमा सम्पन्न भईसकेको छ।

ठ. चालु आर्थिक बर्षमा ९ ओटा योजनाहरु बोलपत्र मार्फत सञ्चालन भएकोमा ८ ओटा सम्पन्न भइसकेको र १ वटा सम्पन्नको चरणमा रहेको छ। १४६ ओटा योजना उपभोक्ता मार्फत सञ्चालन भएकोमा १४० ओटा सम्पन्न भईसकेको यस सम्मान्नीत सभा समक्ष जानकारी गराउदछु।

ड. तरकारी सकलन कार्यलाई सहज बनाउँन यस आव मा पेट्कु र सिक्रेमा थप दुई तरकारी सकलन केन्द्र निर्माण गरिएको छ।

ढ. उपभोक्ता समितिलाई थप जिम्मेवार बनाउन स्थायी लेखा नम्बर, बिमा र पाँच प्रतिशत रिटेन्सन मनी कट्टि गर्ने व्यवस्थालाई निरन्तर्ता दिइएको छ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक बर्ष २०८२/८३ को यस गरिमामय सभामा आय व्ययको अनुमान पेश गर्ने अनुमती चाहान्छु।

९. आगामी आर्थिक बर्ष २०८२/८३ को लागि आय तर्फ नेपाल सरकार वित्तिय समानीकरण अनुदान तर्फ रु.९ करोड ८६ लाख, सशर्त अनुदान तर्फ रु. १७ करोड ८८ लाख, समपुरक पुँजीगत तर्फ रु. १ करोड ७ लाख साथै, बिशेष अनुदान ८१ लाख, राजस्व बाडँफाड तर्फ ६ करोड ९२ लाख ९२ हजार ६ सय २९ रुपैया गरि कुल रु ३६ करोड ५३४ लाख ९२ हजार ६ सय २९ रुपैया प्राप्त हुने अनुमान गरेको छु।

१०.त्यसैगरी बागमती प्रदेश सरकार वित्तिय समानिकरण अनुदान तर्फ रु.१ करोड १ लाख ९९ हजार, सशर्त अनुदान तर्फ रु. २ करोड ५० लाख ५४ हजार, विषेश अनुदान पुजिगत तर्फ रु. ६० लाख, समपुरक अनुदान पुजिगत तर्फ रु.२ करोड १० लाख र राजस्व बाँडफाड र्तफ रु २ करोड ९१ लाख ७२ हजार ४ सय ५० रुपैया ८६ पैसा गरी प्रदेश सरकारबाट जम्मा रु. ९ करोड १४ लाख २५ हजार ४ सय ५० रुपैया ८६ पैसा प्राप्त हुने अनुमान गरेको छु।

११.त्यसैगरी आन्तरिक राजश्व तर्फ रु.७० लाख, गत बर्षको नगद मौज्दात रु. १० करोड १२ लाख ९९ हजार ७१ रुपैया हुने अनुमान गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक बर्षको व्यय तर्फको विवरण पेश गर्ने अनुमति चाहान्छु ।

१२.आगामी आर्थिक बर्ष २०८२/८३ को लागि चालु तर्फ रु. २७ करोड ६५ लाख ५४ हजार अर्थात कुल बजेटको ४८.९२ प्रतिशत बजेट विनियोजन गरेको छु ।

१३.त्यसैगरी आगामी आर्थिक बर्षमा पुँजीगत तर्फ रु. २८ करोड ८६ लाख ६३ हजार १ सय ५१ रुपैया अर्थात कुल बजेटको ५१.०७ प्रतिशत गरी आगामी आर्थिक बर्ष २०८२/८३ को लागि **कुल जम्मा** ५६ करोड ५२ लाख १७ हजार १ सय ५१ रुपैयाको बजेट विनियोजन गरेको छु ।

१४.आगामी आर्थिक बर्षको आय अनुसूची-१ र व्यय अनुसूची-२ मा राखेको छु।

धन्यवाद !!!

मिठुदेवि लामा
उपाध्यक्ष

**अनुसूची-१**

| **क्र.सं.** | **बजेट स्रोत** | **विनियोजन रकम** | **कैफियत** |
|---|---|---|---|
| **१** | **संघीय सरकार** | **३६,५४,९२,६२९।-** | |
| | क. राजस्व बाडफाँड | ९,९२,९२,६२९।- | |
| | ख. समानीकरण अनुदान | ९,८६,००,०००।- | |
| | ग. अन्य अनुदान | १९,७६,००,०००।- | |
| **२** | **प्रदेश सरकार** | **९,१४,२५,४५०.८६** | |
| | क. राजस्व बाडफाँड | २,९१,७२,४५०.८६ | |
| | ख. समानीकरण अनुदान | १,०१,९९,०००।- | |
| | ग. अन्य अनुदान | ५,२०,५४,०००।- | |
| **३** | **गाउँपालिका** | **१०,८२,९९,०७१।-** | |
| | क. गत बर्षको नगद मौज्दात | १०,१२,९९,०७१।- | |
| | ख. राजस्व | ७०,००,०००।- | |
| **जम्मा** | | **५६,५२,१७,१५१।-** | |

अनुसुचि-२ (२०८२/८३ का लागी विनियोजित बजेटहरु)

| **१. गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमहरु** | | |
|---|---|---|
| **सिन** | **योजनाको नाम** | **विनियोजित बजेट (रु)** |
| | **चालु तर्फ** | |
| १ | पारिश्रमिक कर्मचारी | १५०००००० |
| २ | करार कर्मचारी सेवा शुल्क | १३०००००० |
| ३ | पदाधिकारी सेवा सुविधा | ५८०००००० |
| ४ | पोषाक भत्ता | ५००००० |
| ५ | स्थानिय भत्ता | ४००००० |
| ६ | महङ्गी भत्ता | ८००००० |
| ७ | प्राविधिक कर्मचारी भिल्ड भत्ता | ३५०००० |
| ८ | कर्मचारी बैठक तथा मुल्याकन भत्ता | ११०००००० |
| ९ | अन्य भत्ता | ५०००००० |
| १० | पदाधिकारी बैठक भत्ता | ११०००००० |
| ११ | पदाधिकारी अन्य भत्ता | ५०००००० |
| १२ | कर्मचारी कल्याणकोष | ५०००००० |
| १३ | पानी तथा बिजुली | ७०००००० |
| १४ | संचार महसुल | ५०००००० |
| १५ | इन्धन पदाधिकारी | १०००००० |
| १६ | इन्धन कार्यालय प्रयोजन | २०००००० |
| १७ | सवारी साधन मर्मत खर्च | २५०००००० |
| १८ | विमा तथा नविकरण | ५५०००० |
| १९ | मेसिनरी तथा औजार मर्मत तथा संचालन खर्च | ५०००००० |
| २० | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | ५०००००० |
| २१ | मसलन्द तथा कार्यालय सामग्री | २५०००००० |
| २२ | इन्धन अन्य प्रयोजन | ५०००००० |
| २३ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च | १५०००००० |
| २४ | अन्य कार्यालय संचालन खर्च | १०००००० |
| २५ | सेवा र परामर्श | ८०००००० |
| २६ | अन्य सेवा शुल्क | ५०००००० |
| २७ | कर्मचारी र जनप्रतिनिधी तालिम तथा गोष्ठी | १०००००० |
| २८ | विविध कार्यक्रम खर्च | १२०००००० |
| २९ | पदाधिकारी भ्रमण खर्च | १०००००० |
| ३० | कर्मचारी भ्रमण खर्च | १५०००००० |

| | | |
|---|---|---|
| ३१ | अवलोकन भ्रमण खर्च | १०००००० |
| ३२ | सरुवा भ्रमण खर्च | ३००००० |
| ३४ | सभा तथा कार्यपालिका बैठक संचालन खर्च | ५००००० |
| ३५ | वडा कार्यालय संचालन खर्च | ७००००० |
| ३६ | घरभाडा | ५००००० |
| ३७ | उद्दार राहत र पुनस्थापना खर्च | ७००००० |
| ३८ | अन्य सामाजिक सहायता | ५००००० |
| ३९ | सवारी साधन तथा मेसिनरी औजार भाडा | ६००००० |
| ४० | अनुगमन मुल्याकन खर्च | २५०००००० |
| ४१ | छपाइ खर्च | १५०००००० |
| ४२ | इन्टरनेट सेवा शुल्क | ७००००० |
| ४३ | सामाजिक परिक्षण समिक्षा सार्वजनिक सुनुवाइ जेसि अडिट लगायत खर्च | ७००००० |
| ४५ | डिजिटल क्यामरा खरीद | २००००० |
| ४६ | लिसखु ताम्बाखोर कार्यक्रम अनुदान वडा न २ | १५०००० |
| ४७ | वाफल ताम्बा प्रबर्दन तथा विकास कार्यक्रम अनुदान वडा न ३ | २५०००० |
| ४८ | गाउँपालिका अध्यक्ष स्वास्थ्य मासिक घुम्ति सेवा | ४००००० |
| ४९ | परम्परागत मुकुन्टो अध्ययन अनुशसन्धान कार्यक्रम | ४००००० |
| ५० | ह्विस्याङ्गो बजार व्यवस्थापनको डिपिआर वडा न २ | ५००००० |
| ५१ | जिल्ला पत्रकार सहासघ अनुदान | २००००० |
| ५२ | जनतासँग जनप्रतिनिधी कार्यक्रम | ४००००० |
| ५३ | हेल्लो लिसखु पाखर रेडियो कार्यक्रम | ३००००० |
| ५४ | लिसखु पाखर पूर्वाधार विकास प्रोफाइल | ४००००० |
| ५५ | सिलढुगा मासिक हाटबजार व्यवस्थापन | ४००००० |
| ५६ | तामाङ राष्ट्रिय पुस्तकालय अनुदान | १००००० |
| ५७ | सामाजिक विस्कृती विरुद्ध सचेतना कार्यक्रम | ४००००० |
| ५८ | एक गुरु बहुकला साङ्गेतिक कार्यक्रम | ४००००० |
| ५९ | दुग्ध डेरी प्रबर्द्धन कार्यक्रम | ४००००० |
| ६० | पालिकाको ऐतिहासिक पुरात्वियकको अध्ययन अनुसन्धान | ४००००० |
| ६१ | Barista तालिम लिसखु पाखर ७ | ५००००० |
| ६२ | विद्यालय नमुना युवा सासद अभ्यास कार्यक्रम | ४००००० |
| ६३ | न्हिसु श्रेष्ठ नेवार समुदाय अनुदान | २००००० |
| ६४ | मिनिटिलर तथा कृषि औजार खरीद | ७००००० |
| ६५ | सुनौलो बिहानी साना किसान कृषि सहकारी अनुदान | ५००००० |
| ६६ | खानेपानी योजनाका लागी plumber तालिम | ५००००० |

| | | |
|---|---|---|
| ६७ | साझेदारी कार्यक्रम | १०००००० |
| ६८ | प्रहरी चौकी तथा बजार क्षेत्रमा सिसि क्यामेरा ब्यवस्थापन | ५००००० |
| ६९ | पूर्वाधार शाखा सम्बन्धि software खरीद | ५००००० |
| ७० | पुजीगत (पूर्वाधार) सुधार खर्च | ६००००० |
| | **जिन्सी शाखा** | |
| ७१ | कार्यालयको सभाहल ब्यवस्थापन | १०००००० |
| ७२ | कार्यपालिका बैठक हल ब्यवस्थापन | १०००००० |
| ७३ | न्यायिक समितीको हल ब्यवस्थापन | १०००००० |
| ७४ | जनप्रतिनिधीहरुको कार्य कक्ष व्यवस्थापन | १०००००० |
| ७५ | कार्पेट ब्यवस्थापन | १०००००० |
| ७६ | पर्दा ब्यवस्थापन | १०००००० |
| ७७ | मेशिनरी तथा औजार खरीद | १०००००० |
| ७८ | फर्निचर तथा फिक्चर्स | १०००००० |
| | **पुजीगत तर्फ** | |
| १ | ड्राइभरको मतान देखि खत्रि गाउँ सडक स्तरोउन्नती वडा न ६ | १०००००० |
| २ | तामाङ धारा र नेवार धारा सिढी निर्माण वडा न ५ | ५००००० |
| ३ | निगाले सवदाह घाट जाने सिढीबाटो स्तरोउन्नती वडा ५ | ३००००० |
| ४ | सयपत्रि युवा क्लव अनुदान वडा न ५ मुडे | २००००० |
| ५ | छाप घुम्ती जउलेपानी खानिधादिङ सडक स्तरोउन्नती वडा न १ | ८००००० |
| ६ | दमाइटोल सडक निर्माण स्तरोउन्नती वडा न १ | १६०००० |
| ७ | खानिधादिङ आरन सुधार अनुदान वडा न १ | ४०००० |
| ८ | पेट्कु मुख्य सडक स्तरोउन्नती वडा न ६ | १०००००० |
| ९ | सेतिदेवि खाडदेवि पहिरो नियन्त्रण वडा न ७ (थप) | १०००००० |
| १० | जोरघर  देखि जिरी सडक सम्म सिढी बाटो लिसखु पाखर ७ | ३००००० |
| ११ | खाडदेवि सेतिदेवि क्लव अनुदान लिसखु पाखर ७ | १००००० |
| १२ | वाराचेत लाकुरीडाँडा भित्रि बाटो सिढी निर्माण लिसखु पाखर ७ | २००००० |
| १३ | ज्ञायखोला देखि अधुरो बाटो सम्म बाटो स्तरोउन्नती लिसखु पाखर ७ | १५०००० |
| १४ | सिपमुलक तालिम लिसखु पाखर ७ | २५०००० |
| १५ | कक्लिङ चिप्लेटी सडक स्तरोउन्ती वडा न ७ | ४०००००० |
| १६ | टासी थार्चेलिङ गुम्बा लिसखु पाखर ७ ककलिङ | १२००००० |
| १७ | न्हान- भुस्कान सडक स्तरोउन्नती वडा न २ | ८००००० |
| १८ | देउता खोला खानेपानी वडा न ३ | ४००००० |
| १९ | नैनिम्राङ गोले सडक स्तरोउन्नती वडा ३ | ३००००० |

| | | |
|---|---|---|
| २० | गौरुङटोल सिढी स्तरोउन्नती वडा न ४ | ३००००० |
| २१ | नेपाल तामाङ घेदुङ वडा न ४ | ३००००० |
| २२ | शान्ति उदय मावि  वडा न ४ | १००००० |
| २३ | जलेश्वर महादेव मन्दिर अधुरो सिढी निर्माण वडा न ५ निगाले | ३००००० |
| २४ | मुडे भ्यु टावर बुद्द पार्क सडक स्तरोउन्नती वडा न ५ | ७००००० |
| २५ | पेट्कु मुख्य सडक -मिल-ओखरबोट उकालो सडक स्तरोउन्नती वडा न ६ | ८००००० |
| २६ | लट्टेश्वर महादेव मन्दिर निर्माण वडा न ६ | ४००००० |
| २७ | भेडाखोर अधुरो सिढी निर्माण वडा न ६ | २००००० |
| २८ | चिप्लेटी कालि देवि मन्दिर वडा न ७ | ३००००० |
| २९ | बिरसिङ छ्युमिहेन खानेपानी मर्मत वडा न ७ | १०००००० |
| ३० | पाखाघर गुरुङगाउ खानेपानी मर्मत वडा न ६ | २००००० |
| ३१ | शिखर खेलमैदान स्तरोउन्नती वडा न ४ | ५००००० |
| ३२ | उपाध्यक्ष विशेष कार्यक्रम | १०००००० |
| ३३ | पेङ्गाल खोला चिहानघर बाटो वडा न ७ | १००००० |
| ३४ | डाँडापाखर सामुदायिक भवन बाटो स्तरोउन्नती वडा न ७ | ३००००० |
| ३५ | धामिटोल बोक्सी पोखरी सिढी निर्माण वडा न ७ | ३००००० |
| ३६ | ककलिङ महिला भवन स्तरोउन्नती वडा न ७ | ५००००० |
| ३७ | ककलिङ लहरेमाने ढुगे धारा निर्माण वडा न ७ | ५००००० |
| ३८ | व्यार्सा टोल सिङबोङ चिहान घर निर्माण वडा न १ | ५००००० |
| | | |
| ३९ | टासी थोन्तालिङ गुम्बा स्तरोउन्नती वडा न १ गोन्बोटोल | १०००००० |
| ४० | छ्युमिथो अपुरो सिढी निर्माण वडा न १ | ४००००० |
| ४१ | ओग्येन थेगसुम छयोइलिङ तामाङ गोन्पो स्तरोउन्नती वडा न | ३००००० |
| ४२ | टनम गाउँघर क्लिनिकको शौचालय तथा धारा निर्माण वडा न १ | ५००००० |
| ४३ | श्री टसी थार्चिलिङ गुम्बा स्तरोउन्नती वडा न १ | ३००००० |
| ४४ | बौद्द अध्ययन सामुदायिक सस्था व्यवस्थापन वडा न १ | ४००००० |
| ४५ | जर्देउ बुद्ध पार्क पूर्वाधार निर्माण वडा न १ | ८००००० |
| ४६ | डासे अपुरो सिढी निर्माण वडा न १ | ४००००० |
| ४७ | टासी साम्थेलिङ गुम्बा स्तरोउन्नती वडा न १ ब्यार्सा | २००००० |
| ४८ | खानीधादिङ सडक स्तरोउन्नती वडा न १ | ३००००० |
| ४९ | पाराङखोर सामुदायिक भवन भान्छा घर निर्माण वडा न २ | ३००००० |
| ५० | धाबुरघाङ सामुदायिक भवन पूर्वाधार निर्माण वडा न २ | ८००००० |
| ५१ | भारखोपा धाबुरघाङ सडक स्तरोउन्नती वडा न २ | १७००००० |

| | | |
|---|---|---|
| ५२ | धाबुरघाङ सिढी निर्माण वडा न २ | ५०००० |
| ५३ | डुम्राङ सामुदायिक भवन पूर्वाधार निर्माण वडा न २ | ५०००० |
| ५४ | झ्याङछ्युप छ्योर्तेन जोरधारा पूर्वाधार निर्माण वडा न २ | १००००० |
| ५५ | उर्गेन धोङगल छोईतेन धार्गेलिङ गोन्पा ब्यवस्थापन तथा पहिरो रोकथाम वडा न २ | १००००० |
| ५६ | नाम्गेल झ्याङछ्युप धार्गेलिङ गुम्बाको पहिरो रोकथाम वडा न २ | ५०००० |
| ५७ | झिल्दब नाम्गेल छ्योर्तेन व्यवस्थापन वडा न २ | २०००० |
| ५८ | धारापानी घाङखोर सडक स्तरोउन्नती वडा न २ | १७००००० |
| ५९ | उसत्पा घुम्ती सडक पहिरो नियन्त्रण वडा न २ | १२००००० |
| ६० | झ्याङछ्युप छ्योइलिङ गोन्पा मण्डला निर्माण वडा न २ | ५०००० |
| ६१ | लुमेन्दो ओम पूर्वाधार निर्माण वडा न २ | २०००० |
| ६२ | बुदोदय मावि प्रअ तथा बैठक कक्षा ब्यवस्थापन | १०००० |
| ६३ | न्हान टोल चिहानघर पूर्वाधार निर्माण वडा न २ | ३०००० |
| ६४ | सेतेरखोला कृषि सडक वडा न ३ | २०००० |
| ६५ | लम्बुखेत संरक्षण वडा न ३ | १७००००० |
| ६६ | लम्बुखेत सिचाई  निर्माण वडा न ३ | १७००००० |
| ६७ | ओमनाथ कैलाशपुरी मन्दिर पूर्वाधार निर्माण वडा न ३ | ८०००० |
| ६८ | तवरसिवा साना सिचाई वडा न ३ | १०००० |
| ६९ | वर्घाङ घट्टे खोला अपुरो सिचाई वडा न ३ | १०००० |
| ७० | वाफल डाँडा गुरुरेम्बोचे पूर्वाधार निर्माण वडा न ३ | ८०००० |
| ७१ | सेतिदेवि मन्दिर व्यवस्थापन वडा न ३ | २५०००० |
| ७२ | जिमाल कृषि सडक वडा न ३ | ५०००० |
| ७३ | साङखोर छ्योर्तेन व्यवस्थापन तथा पुजा कार्यक्रम वडा न ३ | २०००० |
| ७४ | कामा सडक वडा न ३ | ३०००० |
| ७५ | पाङचेत सिढी निर्माण वडा न ४ | ३०००० |
| ७६ | मगलडाँडा सामुदायिक भवन स्तरोउन्नती वडा न ४ | ८०००० |
| ७७ | निन्जेल बासकुना सिढी निर्माण वडा न ४ | २०००० |
| ७८ | कुकस्योङ च्यातम्राङ खानेपानी वडा न ४ | २०००० |
| ७९ | ईम्यानुएल बाइबल मेशेनरी चर्च पुरानो भवन मर्मत तथा व्यवस्थापन वडा न ४ | १५०००० |
| ८० | श्रमथली विशेश्वर मन्दिर पहिरो संरक्षण वडा न ४ | २५०००० |
| ८१ | बुलबुले ऐतिहासिक धारा निर्माण वडा न ४ | ८०००० |
| ८२ | जेठल मान्द्राखोला ढिकुर व्यवस्थापन वडा न ५ | २०००० |
| ८३ | जेठल घाट जाने सिढी निर्माण वडा न ५ | २०००० |
| ८४ | साम्तेन छ्योइढुब्लिङ गुम्बा वडा न ५ | ५०००० |

| | | |
|---|---|---|
| ८५ | निगाले तल्लोधारा कुलमन्दिर व्यवस्थापन वडा न ५ | २००००० |
| ८६ | पाङ्चेत ठुलोचौर नाक्पाल्चेत कृषि सडक मर्मत वडा न ५ | १००००० |
| ८७ | वर्णा ग्याबाटोल देखि तौथली जाने सिढी बाटो निर्माण वडा न ५ | २००००० |
| ८८ | १८ किलो  घुम्ती महिला भवन स्तरोउन्नती वडा न ५ | ५००००० |
| ८९ | वर्खि कालि देवि सेति देवि थान संरक्षण वडा न ५ | १००००० |
| ९० | मुडे चौरीखर्क तथा चापघारी मुहान संरक्षण तथा खानेपानी मर्मत वडा न ५ | १०००००० |
| ९१ | पेट्कु गुरुङटोल सडक स्तरोउन्नती वडा न ६ | १०००००० |
| ९२ | खत्रि गाउँ सडक स्तरोउन्नती वडा न ६ | ७००००० |
| ९३ | डाडाटोल सडक नँया ट्र्याक निर्माण वडा न ६ | ५००००० |
| ९४ | ठुलोबन्धन हापेबेसी सडक स्तरोउन्नती वडा न ६ | ३००००० |
| ९५ | भेडाखोर सडक स्तरोउन्नती वडा न ६ | १००००० |
| ९६ | बाल कल्याण स्वास्थ्य आमा समुह भवन मर्मत तथा सडक स्तरोउन्नती वडा न ६ | २५०००० |
| ९७ | देवि मावि जाने सडक स्तरोउन्नती वडा न ६ | ४००००० |
| ९८ | इम्मानुयल बाइबल मेसिनरी चर्च व्यवस्थापन वडा न ७ | २००००० |
| ९९ | बन्धन खोकाखोला मुहान नागीडाँडा खेत साना सिचाई वडा न ६ | २००००० |
| १०० | पहेले फेद धारा तथा महादेव मन्दिर व्यवस्थापन वडा न ६ | ३००००० |
| १०१ | लामाचौर खेलमैदान स्तरोउन्नती वडा न ७ | १७००००० |
| १०२ | बर्घाङ शिबन्दिर तथा मुर्ति ब्यवस्थापन वडा न ७ | ३००००० |
| १०३ | टिम्मुरे मन्दुग्राङ सिढी निर्माण वडा न ७ | २००००० |
| १०४ | सिमलटोल ढेगानबु टिमुरे सिचाई वडा न ७ | ४००००० |
| १०५ | ठुटेमाने आर्चाय टोल खानेपानी वडा न ७ | ३००००० |
| १०६ | डाडापाखर मोक्तानटोल घिसिङटोल खानेपानी स्तरोउन्नती वडा न ७ | ५००००० |
| १०७ | लामाटोल डुडेश्वारा सडक स्तरोउन्नती वडा न ७ | ५००००० |
| १०८ | दोर्जे थेक्छेम छोइखोरलिङ गुम्बा वडा न ७ | ३००००० |
| १०९ | डुब्दे सम्डुब लिङ गुम्बा वडा न ७ | १५००००० |
| ११० | पाल्पेश्वरी मन्दिर स्तरोउन्नती वडा न ७ | ५००००० |
| १११ | बन्धन सडक देखि १८ किलो सडक स्तरोउन्न्ती वडा न ७ | ५००००० |
| ११२ | चुलिडाँडा लामागुफाघर घडेरी तथा सिढी निर्माण वडा न ७ | ५००००० |
| ११३ | डाँडापाखर अस्पताल देखि बोक्सीपोखरी सडक स्तरोउन्नती वडा न ७ | १०००००० |
| ११४ | पेङ्गाल खोला पहिरो सिक्रे सडक वडा न ७ | ५००००० |
| ११५ | लकुई कुकलुङ सिढी निर्माण वडा न ७ | ३००००० |

| | | |
|---|---|---|
| ११६ | सेतुपा खोला नियन्त्रण वडा न ७ | ५०००० |
| ११७ | भुमेस्थान डाँडापाखर खानेपानी स्टेशन घर वडा न ७ | १५०००० |
| ११८ | गाल्गा कालिदेवि मन्दिर वडा न ७ | ३००००० |
| ११९ | छ्युम्बुखोला खेत नदि नियन्त्रण वडा न ७ | ५००००० |
| १२० | वोगटी धारा दमाई टोल लिप्टीङ खानेपानी वडा न ७ | ४००००० |
| १२१ | जिरी सडक देखि लोखरडाँडा चिहानघर जाने सडक तथा सिढी निर्माण र चिहानघर व्यवस्थापन वडा न ७ | ५००००० |
| १२२ | सेतिदेवि खाडदेवि पहिरो नियन्त्रण वडा न ७ | २४००००० |
| १२३ | मान्दुङ धारा अपुरो सिढी निर्माण वडा न ७ | २००००० |
| १२४ | सेतिदेवि खाडदेवि खोल्चा बाटो स्तरोउन्नती वडा न ७ (थप) | ३००००० |
| १२५ | व्यार्सा मानेटोल मोक्तानटोल छाङ्थो टोलहुदै गगरखोला सडक वडा न १ | ३००००० |
| १२६ | श्री टासी थर्जेलिङ गुम्बाको गेट स्तरोउन्नती वडा न ७ | २००००० |
| | **जम्मा** | **१५५३५००००** |

**आर्थिक वर्ष २०८२/८ ३का लागी विषयगत शाखाहरुको कार्यक्रमहरु**

| सिन | योजनाको नाम | विनियोजित बजेट (रु.) |
|---|---|---|
| **क.** | **कृषि विकास शाखा** | |
| १२७ | गाउँपालिका अध्यक्ष कृषक समुह परिचालन | २५००००० |
| १२८ | कृषक अनुदान कार्यक्रम | ७००००० |
| १२९ | बाली संरक्षण सम्बन्धी कार्यक्रम | ३००००० |
| १३० | दिवसीय कार्यक्रम | ५०००० |
| १३१ | विरुवा खरीद तथा वितरण | ५००००० |
| १३२ | माटो परिक्षण तथा माटो सुधार कार्यक्रम | १५०००० |
| **ख.** | **स्वास्थ्य शाखा** | |
| १३३ | ELMIS, DHIS तालिम संचालन तथा कार्यक्रम विस्तार | १००००० |
| १३४ | महिला स्वास्थ्य सेविकालाई मासिक भत्ता तथा प्रोत्साहन | ५८३२०० |
| १३५ | गर्भवति महिलाहरुलाई चार पटक चेकजाँच गरेवापत प्रोत्साहन | २००००० |
| १३६ | गाउँघर क्लिनिक संचालन गरे वापत यातायात खर्च तथा अनुगमन | १६०००० |
| १३७ | स्वास्थ्य शिविर संचालन तथा ब्यवस्थापन | ३००००० |
| १३८ | बर्थिङ सेन्टरमा काम गर्ने अनमिहरुलाई प्रोत्साहन | १६४२५० |
| १३९ | गाउँपालिका भित्रका बर्थिङ सेन्टर भित्र सुर्केरी हुने गर्भवतीहरुलाई एम्बुलेन्स सेवा तथा मस्वासेलाई प्रोत्साहन | २००००० |
| १४० | ल्याब व्यवस्थापन | १५०००० |
| १४१ | औषधि खरीद तथा महिला स्वास्थ्य स्वय सेविकालाई विदाई | ६००००० |

| | | |
|---|---|---|
| १४२ | Opd ticket, स्वास्थ्य सस्थामा आवश्यक मसलन्द सामग्री खरीद | २५०००० |
| १४३ | आयुर्वेद औषधि तथा सामग्री खरीद | १५०००० |
| १४४ | गाउँघर क्लिनिक सेवा तथा योग दिवस तथा आयुर्वेद | ५०००० |
| १४५ | उपाध्यक्ष सुत्केरी भेटघाट कार्यक्रम | ३००००० |
| १४६ | अस्पतालको लागी डाक्टर तथा सामग्री ब्यवस्थापन | ८००००० |
| १४७ | स्वस्थ बच्चा प्रतियोगिता (पोषण कार्यक्रम) | २००००० |
| **ग.** | **पशुपक्षि विकास शाखा** | |
| १४८ | आन्तरिक परजिबि नियन्त्रण कार्यक्रम | ५००००० |
| १४९ | पशुपन्छी औषधि खरिद | ७००००० |
| १५० | रेविज खोप नियन्त्रण कार्यक्रम | २००००० |
| १५१ | कृतिम गर्भाधान कार्यक्रम | १००००० |
| **घ.** | **सामाजिक विकास शाखा** | |
| १५२ | पालिका स्तरको जेष्ठ नागरिक बैठक | ६०००० |
| १५३ | पालिका स्तरको अपाङ्ग समन्वय बैठक | ६०००० |
| १५४ | पालिका स्तरको बाल संजाल बैठक | ६०००० |
| १५५ | पालिका स्तरको महिला संजाल बैठक | ६०००० |
| १५६ | अपाङ्गा परिचय पत्र वितरण कार्यक्रम | ६०००० |
| १५७ | बाल अधिकार समिती बैठक | ५०००० |
| १५८ | दिवसीय कार्यक्रम | २००००० |
| १५९ | बाल बिबाह दुर्वसनि लागु औषध न्युनिकरण सम्बन्धि अन्तर्क्रिया कार्यक्रम | १००००० |
| १६० | सामाजिक विवेद सम्बन्धि अन्तरक्रिया कार्यक्रम | ५०००० |
| १६१ | गैसस साझेदारी कार्यक्रम | ५०००० |
| १६२ | सामाजिक समावेशिकरण छुवाछुत | १००००० |
| १६३ | महिला शसक्तिकरण कार्यक्रम महिला संजाल किशोर किशोरी कार्यक्रम | १००००० |
| १६४ | अनुगमन तथा विविध | ५०००० |
| **ङ.** | **न्यायिक समिति** | **१००००००** |
| **च.** | **शिक्षा शाखा** | |
| १६५ | गाउपालिका तर्फका बालविकास शिक्षकको लागि पोषाक सहित तलब | १२८५००० |
| १६६ | संघ तर्फकाबालविकास शिक्षकहरुको थप तलब | २०९३००० |
| १६७ | विधालय कर्मचारी थप तलब(कार्यालय सहयोगी) | २१८४००० |
| १६८ | विधालय कर्मचारी थप तलब(लेखापाल सहयोगी) | ७१५००० |
| १६९ | सामुदायिक सिकाइ केन्द्र परिचालक थप तलब | २०२००० |

| | | |
|---|---|---|
| १७० | नियमित प्रधानध्यापक बैठक (घुम्ती प्रक्रियाबाट) | ३००००० |
| १७१ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ७६०००० |
| १७२ | नि.मा.वि. शिक्षक अनुदान | ९७५००० |
| १७३ | मा.वि. शिक्षक अनुदान | ६०३९७५ |
| १७४ | खेल शिक्षक तलब भत्ता | ४३७७२६ |
| १७५ | विद्यालय अनुगमन सुपरीवेक्षण तथा विविध खर्च | १६०००० |
| १७६ | गााउपालिका स्तरीय करार शिक्षक छनोट परीक्षा सञ्चालन | ३००००० |
| १७७ | पालिका स्तरीय परीक्षा सञ्चालन | ७५०००० |
| १७८ | विद्यालय कक्षा कोठा व्यवस्थापन | १२०००००० |
| १७९ | विद्यालय मर्मत संभार तथा विविध व्यवस्थापन | ५००००० |
| १८० | शिक्षक कर्मचारी परीचय पत्र वितरण | ५०००० |
| १८१ | बालविकास सहयोगी शिक्षकका लागि पुर्नरताजगि तालिम | ३००००० |
| १८२ | अध्यक्ष शैक्षिक सुधार कार्यक्रम | १५००००० |
| १८३ | खेलकूद विकास कार्यक्रम( राष्ट्रपति रनिङशील्ड समेत) | २५००००० |
| १८४ | उत्कृष्ट विद्यालय, प्र.अ., शिक्षक र विद्यार्थी पुरस्कार कार्यक्रम | १००००० |
| १८५ | प्र.अ. तथा लेखापालहरुको लागि जिन्सी, लेखा सम्वन्धी तालिम | ३००००० |
| १८६ | अतिरिक्त क्रियाकलाप सञ्चालन | २००००० |
| १८७ | शैक्षिक पात्रो छपाइ | १५०००० |
| १८८ | शैक्षिक अवलोकन भ्रमण | ३००००० |
| १८९ | शिक्षकको लागि विषयगत क्षमता विकास तालिम | ३००००० |
| १९० | कक्षा ६,७,८ का विद्यार्थीहरुलाई दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ११९०००० |
| १९१ | गाउ कार्यपालिकाको कार्यालयमा पुस्तकालय व्यवस्थापन | ३००००० |
| १९२ | शैक्षिक सामग्री व्यवस्थापन तथा अन्य विविध खर्च | २००००० |
| १९३ | निरन्तर विद्यार्थी मूल्याक.न सामग्री व्यवस्थापन | ५०००० |
| १९४ | STEM Education सम्वन्धी अभिमुखीकरण कार्यक्रम | ० |
| १९५ | शिक्षक, विद्यार्थी डायरी व्यवस्थापन | ३००००० |
| **छ.** | **उद्यम विकास तथा सहकारी** | **१००००००** |
| ज. | रोजगार कार्यक्रम | ५००००० |
| **च.** | **पूर्वाधार विकास शाखा** | |
| १९६ | घ्याङडाडा थाङसिङ सडक स्तरोउन्नती वडा न ४ (थप) | ३००००० |
| १९७ | ककलिङ-चिप्लेटी सडकको वातावरणिय अध्ययन | ५००००० |
| | **विषयगत शाखाको कुल बजेट:** | **३४४१३१५१** |

| आर्थिक वर्ष २०८२/८३ का लागी गाउँपालिका स्तरीय अन्य योजना तथा कार्यक्रमहरु | | |
|---|---|---|
| सिन | योजनाको नाम | विनियोजित बजेट (रु.) |
| १९८ | प्रदेश समपुरक (साझेदारी रकम) | १५०००००० |
| १९९ | सघिय समपुरक (साझेदारी रकम) | ९३०००००० |
| २०० | गाउँपालिका भवन (भुक्तानी बाँकी) | १२७०००००० |
| २०१ | टासी छयोइलिङ गुम्बा वडा न ३ (क्रमागत) | १०००००००० |
| २०२ | औद्योगिक ग्राम वडा न ४ (भुक्तानी बाँकी) | ५०००००० |
| २०३ | पेट्कु स्वास्थ्य चौकीको डिपिआर | ५०००००० |
| २०४ | सडक हेरालु ब्यवस्थापन | १५०००००० |
| २०५ | पाइप खरीद | १०००००० |
| २०६ | तारजाली खरीद | ५०००००० |
| २०७ | मर्मत सम्भार कोष | २०००००० |
| २०८ | विपद ब्यवस्थापन कोष | ३०००००० |
| २०९ | सडक मर्मत सम्भार | २५०००००० |
| २१० | आवधिक योजना तयार गर्ने | १०००००० |
| २११ | विविध पुर्वाधार निर्माण | २६०००००० |
| २१२ | रमा मावि नँया भवन मर्मत वडा न ४ | ४५०००० |
| २१३ | साङ्गे सामुदायिक भवन निर्माण वडा ३ | १०००००० |
| २१४ | निन्जेल सडक स्तरोउन्नती वडा न ४ र १ | ३०००००० |
| २१५ | लिसखु फास्ट्र ट्याक स्तरोउन्नती वडा न २ | १७०००००० |
| २१६ | बेदबारी देखि भुमेस्थान सिढी निर्माण वडा न ६ | ४०००००० |
| २१७ | सरेडाडा भस्मे चिहान घर (क्रमागत) वडा न ५ | ५०००००० |
| २१८ | फेराटोल सामुदायिक भवन वडा न ७ | १०००००० |
| २१९ | गुरुरेम्बोचे रङरोहन तथा पूर्वाधार निर्माण वडा न ७ | १५०००००० |
| २२० | भिरमुनि खापा वडा न १ | ५०००००० |
| २२१ | सिक्रे पेङ्गाल खोला सडक पहिरो नियन्त्रण (पुछार घर) वडा ४ | ५०००००० |
| २२२ | गोगने सडक स्तरोउन्नती वडा न ३ | १७०००००० |
| २२३ | मुडे फोहोरमैला ब्यवस्थापन वडा न ५ | ४०००००० |
| २२४ | सेतिदेवि खाडदेवि खोल्चा बाटो स्तरोउन्नती वडा न ७ | ३०००००० |

| | | |
|---|---|---|
| २२५ | गापा पुरानो भवन खोल्सा पारी सिढी निर्माण वडा न ४ | ५००००० |
| २२६ | डाँडापाखर अस्पताल सिढीबाटोको नाला निर्माण तथा सडकमा रेलिङ वडा न ७ | ३००००० |
| २२७ | नया गापा भवन जाने सडकबाट जग्गा दाताहरु कित्ता सम्म सडक निर्माण वडा न ४ | १०००००० |
| २२८ | तारगाल खोला ह्युमपाइप तथा सडक व्यवस्थापन वडा न २ | १७००००० |
| २२९ | सम्पदा मावि भवन निर्माण वडा न ५ | १६००००० |
| २३० | वाफल गोन्दरडाडा सयुक्त चिहाघर वडा न ३ | ६००००० |
| २३१ | स्तुपा खोला बस्ती सरक्षण लकुई वडा न ७ | ५००००० |
| २३२ | बुलबुले माथिल्लो सडक स्तरोउन्नती वडा न ४ | १५००००० |
| २३३ | जोगिधारा माथि प्रतिक्षालय (बन्धन जाने बाटो) वडा न ७ | ३००००० |
| २३४ | ककलिङ स्कुल पूर्वाधार निर्माण वडा न ७ | ८००००० |
| २३५ | टुपम्राङ ङारधिम माथिल्लो सडक वडा न २ | ५००००० |
| २३६ | ओखरेनी खेलमैदान स्तरोउन्नती वडा न ५ | १०००००० |
| २३७ | मुडे फुडसल पूर्वाधार निर्माण वडा न ५ | ४००००० |
| २३८ | घ्याङडाडा थाङसिङ सडक स्तरोउन्नती वडा न ४ | ५००००० |
| २३९ | पेटकु खानेपानी विद्युतिकरण (भुक्तानी बाकी) | १३५०००० |
| | **जम्मा** | **८७६०००००** |

| आर्थिक वर्ष २०८२/८३ मा वडा स्तरीय विनियोजित बजेट (वडा न १ देखि वडा न ७ सम्म ) | | |
|---|---|---|
| **सिन** | **योजनाको नाम** | **विनियोजित बजेट (रु.)** |
| | **वडा न १** | |
| १ | निन्जेल डासे सडक मर्मत | ५००००० |
| २ | जर्देउ अमलडाँडा जम्बुसिङ सडक मर्मत तथा स्तरोउन्नति | ५००००० |
| ३ | मानेटोल छागाथो सडक मर्मत | ५००००० |
| ४ | कल्लेरी सडक मर्मत | ४००००० |
| ५ | मानेटोल खानेपानी पूर्वाधार निर्माण | २००००० |
| ६ | चिहानडाँडा मलामी घर निर्माण खानिधादिङ | ३००००० |
| ७ | साविक ठुलोधादिङ १ मलामी घर निर्माण | ३००००० |
| ८ | मगर तथा दलित बस्तीको सयुक्त मलामी घर निर्माण | ३००००० |
| ९ | साविक ठुलो धादिङ ८ गोरेटो बाटो निर्माण | ३००००० |
| १० | खोरदोङ सामुदायिक ट्रस भवन निर्माण | ३००००० |
| ११ | लक्षित वर्ग | २५०००० |
| १२ | कृषि प्रबर्द्धन कार्यक्रम | २००००० |
| १३ | स्वास्थ्य चौकी अनुदान | २५०००० |
| १४ | विद्यालय अनुदान | ४००००० |
| १५ | वडा कार्यालय व्यवस्थापन र घरभाडा | २००००० |
| १६ | अमलडाँडा प्रतिक्षालय निर्माण | २००००० |
| | **जम्मा** | **५१०००००** |
| | **वडा न २** | |
| १ | घ्याने पुत्लाङ सामुदायिक भवन निर्माण | ९००००० |
| २ | करेली खोल्सा ढल निर्माण | ३००००० |
| ३ | कोक्स्योङ को सडक स्तरोउन्नती निगाले | ६००००० |
| ४ | भलौटि सिढी निर्माण | ४००००० |
| ५ | झ्यारगाङ सिढी निर्माण | ४००००० |
| ६ | भुस्कान भित्रि सडकको स्तरोउन्नती | २००००० |
| ७ | गोलाङ खानेपानी मर्मत सम्भार | २००००० |
| ८ | नारगाउ देविथान सिढी निर्माण | ४००००० |
| ९ | वडा कार्यालय सिसि क्यामरा तथा सोलार ब्याकअप खरीद तथा मर्मत | २००००० |

| | | |
|---|---|---|
| १० | वडा कार्यालय व्यवस्थापन | ३००००० |
| ११ | ह्योजन वश डिपिआरु | ३००००० |
| १२ | पेलडाँडा प्रतिक्षालय उसत्पा | ४००००० |
| १३ | ग्याबाटोल खानेपानी विस्तार | ३००००० |
| १४ | भुस्कान सिचाइ पाइप खरीद | ३००००० |
| १५ | विविध | ३००००० |
| | **जम्मा** | **५५०००००** |
| | **वडा न ३** | |
| १ | घिच्चेत उसिदुम ठन्डाइ दोभान खानेपानी निर्माण तथा मर्मत | ५००००० |
| २ | घिच्चेत तिनचोक ग्याल्वा सडक स्तरोउन्नती | ४००००० |
| ३ | साझाबन सामुदायिक भवन ग्राउन्ड निर्माण | ३००००० |
| ४ | बर्घाङ खानेपानी मर्मत | ३००००० |
| ५ | घरेटी नरिङखोला सडक स्तरोउन्नती | ३००००० |
| ६ | वाफलडाँडा छयोर्तेन पूर्वाधार निर्माण | ३००००० |
| ७ | नैनिम्राङ सडक स्तरोउन्नती तथा आलुङ अधुरो सिढी निर्माण | ५००००० |
| ८ | महादेव आवि प्ले स्टेशन निर्माण | ३००००० |
| ९ | ग्याबाटोल सिढी निर्माण तथा देउताथान संरक्षण | ३००००० |
| १० | साङखोर सामुदायिक भवन पूंर्वाधार तथा पदमार्ग निर्माण | ३००००० |
| ११ | चिप्ले खानेपानी मर्मत | २००००० |
| १२ | जिमाल तथा बोलदुङ खानेपानी | ३००००० |
| १३ | लक्षित वर्ग | १००००० |
| १४ | गलेश्वरी मन्दिर सत्तल निर्माण | २००००० |
| १५ | कर्कालिङ टासी छेलिङ ग्राउन्ड निर्माण | २००००० |
| १६ | तिरतिरे धारा छयोक्पा छेलिङ सडक स्तरोउन्नती | ४००००० |
| १७ | विविध | २००००० |
| १८ | हयाङला वाफल युवा समाज तम्बा विशेष अनुदान | १००००० |
| | **जम्मा** | **५२०००००** |
| | **वडा न ४** | |
| १ | सल्ले बरखाङ सामुदायिक भवन  पूर्वाधार निर्माओ | ३००००० |
| २ | पैखर्क सिढी निर्माण | ५००००० |

| | | |
|---|---|---|
| ३ | भुमिडाँडा प्रतिक्षालय निर्माण | ३००००० |
| ४ | कुक्स्योङ ढुगेधारा निर्माण | ३००००० |
| ५ | गगर सामुदायिक भवन स्तरोउन्नती तथा पूर्वाधार निर्माण | ३००००० |
| ६ | ताम्चे सिढी निर्माण | ३००००० |
| ७ | कृषि उपच तरकारी संकलन केन्द्र सिक्रे पूर्वाधार निर्माण तथा स्तरोउन्नती | ३००००० |
| ८ | सिक्रे रोङरोङ श्रमथलि सडक निर्माण | ३००००० |
| ९ | पाङ्चेत सामुदायिक भवन पूर्वाधार निर्माण | २००००० |
| १० | काफ्ले डाँडा सडक निर्माण | ३००००० |
| ११ | दलित सामुदायिक आरन सुधार तथा ब्यवस्थापन | २००००० |
| १२ | प्युखर्क सिढी निर्माण | ३००००० |
| १३ | स्वास्थ्य चौकी एम्बुलेन्स तलब भत्ता मर्मत | ५००००० |
| १४ | लक्षित वर्ग | २००००० |
| १५ | विविध | १००००० |
| १६ | युवा तथा खेलकुद अनुदान | १००००० |
| १७ | कृषि अनुदान | २००००० |
| १८ | घ्याङडाडा सिढी निर्माण | ३००००० |
| १९ | स्विबिर खोला चिहानघर व्यवस्थाप | ३००००० |
| | **जम्मा** | **५३०००००** |
| | **वडा न ५** | |
| १ | निगाले तल धारा कपाल खउरीने प्रतिक्षालय र ढुगेधारा स्तरोन्नती | ४००००० |
| २ | सत्तरी धारा नाला ढलान स्तरोउन्नती | ३००००० |
| ३ | १८ किलोमा ३ ठाउँ प्रतिक्षालय स्तरोउन्नती | ५००००० |
| ४ | चउरी खर्क बाटो बाटो सोलिङ | ३००००० |
| ५ | मुडे सिमाना घाट निर्माण | ४००००० |
| ६ | लोखर टोल मन्दिर स्तरोउन्नती | ३००००० |
| ७ | उद्यमि सिपमुलक साबुन, सरप र स्याम्पु तालिम कार्यक्रम | ३००००० |
| ८ | स्वास्थ्य चौकी देविथान सोलिङ | २००००० |
| ९ | मुडे रिसोर्ट माथिको चिहान घर निर्माण | २००००० |
| १० | घुर्मिसे प्रतिक्षालय र सिढी निर्माण स्तरोउन्नती | ३००००० |

| | | |
|---|---|---|
| ११ | सम्पदा माविमा फर्निचर तथा ब्यवस्थापन | २००००० |
| १२ | जुगल रेडियो सुचना प्रचार व्यवस्थापन | ५०००० |
| १३ | स्वास्थ्य चौकी गाउँघर क्लिनिक ब्यवस्थापन | ५०००० |
| १४ | वडा कार्यालय व्यवस्थापन | ३००००० |
| १५ | लक्षित वर्ग | २००००० |
| १६ | सिलढुगा फनपार्क निर्माण स्तरोउन्नती | १०००००० |
| १७ | वाची जाने घर र भोलाको घर जाने सिढी निर्माण स्तरोउन्नती | ५००००० |
| १८ | वडा कार्यालय पुर्वि गेट निर्माण | ४००००० |
| | **जम्मा** | **५९०००००** |
| | **वडा नं. ६** | |
| १ | ठुलोपाखर देखि बन्धन ढुगेभिर सडक स्तरोउन्नती | १०००००० |
| २ | पात्ले सडक स्तरोउन्नती | ५००००० |
| ३ | बेतबारी कुल मन्दिरको ठाडो बाटो स्तरोउन्नती | ५००००० |
| ४ | भुमेस्थान बाटो स्तरोउन्नती | ४००००० |
| ५ | माझटोल देखि डाँडाटोल सिढी निर्माण | ४००००० |
| ६ | पेट्कु दलित उत्थान कार्यक्रम | ३००००० |
| ७ | शिवको मुर्ति निर्माण | ४००००० |
| ८ | सन्त्रपा सिढी निर्माण | २५०००० |
| ९ | लामिडाँडा सिढी निर्माण | २५०००० |
| १० | लक्षित वर्ग | २००००० |
| ११ | अरने खानेपानी ब्यवस्थापन | १५०००० |
| १२ | ट्याङ्की देखि पहरी टोल जाने सिढी निर्माण | १५०००० |
| १३ | चिहान घर पाँवा खोला बाटो स्तरोउन्नति | १००००० |
| १४ | थप कक्षा संचालन | १००००० |
| १५ | स्वास्थ्य स्वयम सेविका सामान खरिद | ५०००० |
| १६ | पशु औषधि खरिद | ५०००० |
| १७ | विविध | ३५०००० |
| १८ | गुरु रेम्बोचे जाने सडक स्तरोउन्नती | १५०००० |
| | **जम्मा** | **५३०००००** |
| | **वडा न ७** | |

| | | |
|---|---|---|
| १ | बाह्रमस्ट ठकुरी मन्दिर तथा वनजाराङ्ग टोल सिढी स्तरोउन्नती | ४५०००० |
| २ | टिमुरे बौद्द चिहान घर स्तरोउन्नती निर्माण | २००००० |
| ३ | बर्गाङ अपुरो सिढी तथा कालदेवि मन्दिर स्तरोउन्नती | ८००००० |
| ४ | ककलिङ लहरेमाने स्तरोउन्नती पुर्वाधार निर्माण | ४००००० |
| ५ | पुर्खाङ धङ्ग अपुरो सडक स्तरोउन्नती | २५०००० |
| ६ | गौरुङटोल अपुरो सडक स्तरोउन्नती | ३००००० |
| ७ | वुर्दा ओधीपाङ्ग सडक स्तरोउन्नती | १५०००० |
| ८ | रानी कृषि तथा पशुपक्षि पालन फर्म अनुदान | ३००००० |
| ९ | लोघङ्ग अपुरो सिढी स्तरोउन्नती | ३००००० |
| १० | चिपझोप नारी स्योङ सिचाइ स्तरोउन्नती | २००००० |
| ११ | ओखरबोट जलेश्वरी मन्दिर स्तरोउन्नती | १५०००० |
| १२ | जिरी सडक देखि बस्नेत टोल सिढी स्तरोउन्नती | २००००० |
| १३ | डाँडापाखर धामिटोल सिढी स्तरोउन्नती | २००००० |
| १४ | घिसिङ कृषि पशुपालन तथा कुखुरा व्यवसाय फर्म अनुदान | ३००००० |
| १५ | वडा भवन मुनि गोरेटो बाटो स्तरोउन्नती | २५०००० |
| १६ | ठुटेमाने प्रतिक्षालय तथा नाला निर्माण स्तरोउन्नती | ३००००० |
| १७ | पाखर हिमालयन कृषि फर्म अनुदान | ३००००० |
| १८ | बस्ति स्तर नामाकरण साइन बोर्ड | २००००० |
| १९ | इस्वरीय मार्ग भजन मन्डल सच्चाई केन्द्र भवन निर्माण वडा न ७ | ३००००० |
| २० | विविध | ३५०००० |
| | **जम्मा** | **५९००००० ** |
| | **वडा स्तरको कुल जम्मा** | **३८२००००० ** |

| आर्थिक वर्ष २०८२/८३ मा संघिय सरकारबाट यस लिसखु पाखर गाउँपालिकामा विनियोजित बजेट (समपुर अनुदान, विशेष अनुदान र सर्शत अनुदान) | | |
|---|---|---|
| **सिन** | **योजनाको नाम** | **विनियोजित बजेट (रु.)** |
| | **समपुरक अनुदान** | |
| १ | १ नं वडा कार्यालय भवन | १०७०००००० |
| | **विशेष अनुदान** | |
| २ | वाफल होल्गा बृहत खानेपानी योजना लिसखु पाखर गापा ३ | ८१०००००० |
| | **शर्शत अनुदान** | **१७८८०००००** |
| १ | उद्यमशिलता रोजगारी मुलक/सशक्तिकरण/सिप विकास तथा क्षमता विकास तालिम | २६४००० |
| २ | उद्यम विकास सहजकर्ताहको पारिश्रमिक | ४४१००० |
| ३ | कृषि तथा पशु सेवामा एक गाउँ एक प्राविधिकहरुको तलब भत्ता | ३२०००० |
| ४ | बन्धन (पेट्कु)-तौथली खोला झोलुगे पुल | ५००००० |
| ५ | माध्यमिक तह कक्षा ९-१० मा अग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ६९३६००० |
| ६ | मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गराइरहेका क्यान्सर रोगी र मेरुदन्ड पक्षघातका विरामीहरुलाई औषधि उपचार खर्च वापत मासिक रु ५ हजारका दरले उपलब्ध गराउँने रकम | ७४०००० |
| ७ | रोजगार आयोजना संचालनका लागी ज्याला रकम | २६७२००० |
| ८ | पशुपक्षिमा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम | ५०००० |
| ९ | शैक्षिक सुशासनका लागी सस्थागत क्षमता विकास, विद्यार्थि परीक्षण मुल्याकन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण अनुदान | ८३३००० |
| १० | विद्यालय संचालन तथा ब्यवस्थापन अनुदान | २०८०००० |
| ११ | प्रारम्भिक वाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ९१२८००० |
| १२ | पोषणमैत्रि स्थानिय शासन प्रवर्दन | ७००००० |
| १३ | रोजगार सयोजकको तलब | ५६८००० |
| १४ | रोजगार सयोजकको पोषाक | १०००० |
| १५ | आलु विउ उत्पादन कार्यक्रम | ९००००० |

| | | |
|---|---|---|
| १६ | स्थायि शिक्षक तलब भत्ता | २६३०००००० |
| १७ | विद्यालयहरुमा शैक्षिक गुणस्तर सुदृढीकरण एव कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २३०००००० |
| १८ | आधारभुत तह कक्षा (६ देखि ८) मा अग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ९२३००० |
| १९ | स्थानिय तहको साझेदारीमा नियमित खोप कार्यक्रम | ४८३००० |
| २० | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम | ५५०००० |
| २१ | आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरीद | १२७४००० |
| २२ | नागरिक आरोग्य सेवा केन्द्र संचालन तथा अभियान | ५००००० |
| २३ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि क्रियाकलाप संचालन | २५००० |
| २४ | रोजगार सवाद संचको संचालन | २५००० |
| २५ | MIS operator र फिल्ड सहायक भिल्ड भत्ता | २०००० |
| २६ | मानसिक स्वास्थ्य प्रबर्दन तथा आत्महत्या रोकथान सम्बन्धि कार्यक्रम | ५०००० |
| २७ | स्थानिय तहका स्वास्थ्य सँग सम्बन्धित कर्मचारीहरुको तलब भत्ता | २५४०००००० |
| २८ | प्रजनन रुग्णता स्वास्थ्य सेवा | १७८००० |
| २९ | स्थानिय तह मार्फत मातृ तथा नव शिशु कार्यक्रम संचालन | ८९१००० |
| ३० | स्वास्थ्य सस्थाहरुको मासिब बैठक डाटा भेरिफिकेशन समिक्षा | २००००० |
| ३१ | आन्तरिक रोजगारी प्रबर्दनका लागी वैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरुलाई प्रबर्दन कार्यक्रम | १००००० |
| ३२ | किसान परिचय पत्र वितरण नमूना कार्यक्रम | ५०००० |
| ३३ | कृषि पशुपक्षि तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | ३०००० |
| ३४ | स्थानिय तहका MIS Operator तलब | २४९००० |
| ३५ | शैक्षिक पहुच सुनिश्चितता अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम | १०५०००० |
| ३६ | सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागी आयआर्जन अनुदान | ६६५००० |
| ३७ | सकृय क्षयरोग खोपपडताल कार्यक्रम र पिविसि विरामीका घरपरिवारका सदस्यहरुको सम्पर्क परिक्षण | १०५००० |
| ३८ | पोषण कार्यक्रम | ३७६००० |
| ३९ | रोजगार सेवा केन्द्र संचालन खर्च | १००००० |
| ४० | गाइभैसी प्रबर्दन कार्यक्रम | ४००००० |

| | | |
|---|---|---|
| ४१ | मनेडाँडा सिगार डाँडा सडक निर्माण लिसखु पाखर ७ | ५०००००० |
| ४२ | आधारभुत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान | ७६०००००० |
| ४३ | तोकीएका विद्यार्थिको दिवा खाजाका लागी विद्यालयलाई अनुदान | २९२३००० |
| ४४ | म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य घरटोलमा स्वास्थ्य प्रजर्धन कार्यक्रम | ४६०००० |
| ४५ | परिवार योजना सेवा | ३५००० |
| ४६ | उद्यमशीलता रोजगार मुलक सशक्तिकरण सिप विकास तथा क्षमता अभिबृदी तालिम | १४०००० |
| ४७ | विद्यालय छात्रवृति कार्यक्रम | २२७००० |
| ४८ | निशुल्क पाठ्यपुस्तक आधारभुत तह | १०३९००० |
| ४९ | प्रति विद्यार्थि लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री अनुदान | ९४०००० |
| ५० | विपन्न लक्षित समुदायका विद्यार्थिहरुका लागी छात्रवृति | २१६००० |
| ५१ | स्वास्थ्य चौकीहरुको न्युनतम सेवा मापदण्ड कार्यक्रम | १२६००० |
| ५२ | उद्यमशिलता रोजगारी मुलक/सशक्तिकरण/सिप विकास तथा क्षमता विकास तालिम | ५५००० |
| ५३ | कृतिम गर्भाधान मिसन कार्यक्रम | ५०००० |
| ५४ | स्थानिय तहका फिल्ड सहायकको पारिश्रमिक | २३१००० |
| ५५ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | ४०५००० |
| ५६ | बहुक्षेत्रिय पोषण कार्यक्रममा पोषण सहजकर्ताको पारिश्रमिक | ३३५००० |
| ५७ | समुदाय स्तरमा नसर्ने सम्बन्धि स्क्रिनिङ तथा सचेतना कार्यक्रम संचालन | १५०००० |
| ५८ | आकस्मिक अवस्थामा औषधि एव ल्याब सामाग्री ढुवानी र स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण तथा क्षयरोग कार्यक्रमको योजना तर्जुमा | ९५००० |
| ५९ | किशोरकिशोरी स्वास्थ्य सेवा | ८७००० |
| ६० | CBIMNCI कार्यक्रम | १००००० |
| ६१ | राष्ट्रिय महिला स्वास्थ्य स्वयसेविका कार्यक्रम | १२००००० |
| ६२ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | ६००००० |
| | **जम्मा** | **१९७६०००००** |

| आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशबाट यस लिसखु पाखर गाउँपालिकामा विनियोजित बजेट (समपुर अनुदान, विशेष अनुदान र सर्शत अनुदान) | | |
|---|---|---|
| सिन | योजनाको नाम | विनियोजित बजेट (रु.) |
| | **समपुर अनुदान** | **२१००००००** |
| १ | बुलबुले-साझाबन-घिच्चेत-३ न वडा कार्यालय सडक स्तरोउन्नती वडा न ३ र ४ | १२०००००० |
| २ | ककलिङ पेट्कु सडक स्तरोउन्नती वडा न ६ | ९०००००० |
| | **विशेष अनुदान** | |
| १ | मुडे पहिरो ब्यवस्थापन पूर्वाधार पुन: निर्माण योजना वडा न ५ | ६०००००० |
| | **सर्शत अनुदान** | **२५०५४०००** |
| १ | शित भन्दार गृहमा थप संरचना निर्माण (प्रशासनिक कक्ष, बारबन्देज, पालेघर, शौचालय, खानेपानी आदि) | ५०००००० |
| २ | उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान | २५०००० |
| ३ | सारघाङ खानेपानी आयोजना लिसखु पाखर २ | २५००००० |
| ४ | मुलखर्क चाप मुहान शिलढुगा खानेपानी आयोजना लिसखु पाखर ५ | २५००००० |
| ५ | स्थानिय न्यायिक सहजकर्ता कार्यक्रम (पारिश्रमिक र पोशाक खर्च) | २३१००० |
| ६ | सहकारीमा आवद् महिला सदस्यहरुका लागि वित्तिय सुशासन तथा संस्थागत सुधार तालिम कार्यक्रम वडा न २ | ५००००० |
| ७ | कोल्को कच्ची सडक मार्ग स्तरोउन्नती | ५०००००० |
| ८ | ककलिङ वाफल चौरीखेत रामेछाप दोलखा जोड्ने सडक | २५००००० |
| ९ | माध्यमिक तहमा शुन्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयमा अनिवार्य विषय शिक्षकका लागी शिक्षण सहयोग अनुदान | १७०४००० |
| १० | बाबु आमा बिहिन बालबालिका संरक्षण कार्यक्रम | २४००० |
| ११ | अपाङ्गता भएका व्यक्तिहरुका लागी समुदायमा आधारित पुनस्थापना सहयोग कार्यक्रम | ३००००० |
| १२ | बाल बिबाह अन्त्यका लागी समुदाय परिचालन कार्यक्रम | १५०००० |
| १३ | विद्यालय नर्सको तलब भत्ता | ३३९५००० |
| १४ | बेखसिम्ले स्वास्थ्य चौकी सुदृढीकरण लिसखु पाखर ४ | १०००००० |
| | **जम्मा:** | **५२०५४०००** |